# राष्ट्रिय मानव अधिकार आयोगमा चढाइएको उजुरी

**श्री प्रमुख आयुक्तज्यू,**
**राष्ट्रिय मानवअधिकार आयोग**
**पुल्चोक, ललितपुर**

**विषयः काठमाडौं तराइ (मधेस) द्रुतमार्ग लगायतका परियोजनाबाट ललितपुर खोकनाबासीका मानव अधिकार उल्लंघन भएकोमा अध्ययन अनुसन्धान तथा अनुगमन लगायतको कार्य गरी मानव अधिकार रक्षा गरी पाउँ ।**

महोदय,

१. राष्ट्रिय गौरवको परियोजना भनिएको काठमाडौं तराइ (मधेस) द्रुतमार्ग लगायत अन्य केही परियोजनाबाट खोकना, ललितपुर (हाल कार्यविनायक नगरपालिका) का बासिन्दाहरुको नेपालको राष्ट्रिय कानुनमा व्यवस्था गरिएको तथा सम्बन्धित अन्तर्राष्ट्रिय मानव अधिकार कानुन प्रदत्त सम्पत्ति, संस्कृतिलगायत मानव अधिकार तथा आदिवासी अधिकारहरुको उल्लंघन हुने हुँदा आयोगबाट अध्ययन अनुसन्धान तथा अनुगमन लगायतको कार्य गरी मानव अधिकार रक्षा गरी पाउन आयोगको उजुरी फारामबमोजिमको जानकारी समावेश गरी यो उजुरी पेश गर्दछौं ।

## मानव अधिकार उल्लंघनको विषय

२. काठमाडौं तराई (मधेस) द्रुतमार्ग परियोजनाको निम्ति **मिति २०७२।१२।०४** गते अन्नपुर्ण दैनिक पत्रिकामा प्रकाशित जग्गा अधिग्रहण सुचना अनुसार चित्त नबुझेमा १५ दिन भित्र जिल्ला प्रशासन कार्यालय, ललितपुरमार्फत गृह मन्त्रालय समक्ष उजुरी लिई आउनुहोला भनी सुचना प्रकाशित भएको छ । कुन कामको लागि कुन ठाउँमा क-कसको कति जग्गा कसरी अधिग्ररण हुने हो सो सम्बन्धमा **जग्गा प्राप्ति ऐन २०३४** को बमोजिम  कानूनी प्रक्रिया नै पुरा नगरी मुआब्जा मूल्य निर्धारण गरी स्थानीय समुदायलाई यथेष्ट जानकारी र तिनीहरुसँग कुनै परामर्श र सहमतिबिना जवरजस्ती जग्गा अधिग्रहण गर्न लागिएको अवस्था रहेको छ । राष्ट्रिय गौरवको परियोजना भनिएको काठमाडौं तराई ( मधेस) द्रुतमार्गजस्तो ठूलो परियोजनाको लागि अन्तर्राष्ट्रिय अभ्यासअनुसार परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment (EIA)) प्रतिवेदन प्रभावित समुदायमाझ प्रस्तुत गरी न्यूनतम प्रभाव पर्ने उपलब्ध विकल्पहरु सम्बन्धि समुदायसँगको परामर्श र सहमतिपछि मात्र मुआब्जा निर्धारण गर्नुपर्नेमा कुनै छलफल नै नगरी मूल्य निर्धारण गरिएकोमा प्रभावित स्थानीय समुदायको मञ्जुरी छैन । मिति २०७३।५।१९ गते अनौपचारिक माध्यमबाट प्राप्त द्रुतमार्ग परियोजनाको EIA प्रतिवेदनको पृष्ठ ५५ मा उल्लेख भए अनुसार पनि खोकना क्षेत्रमा परियोजनाको विरोध व्यापक रहेको र परियोजनाको अघिल्लो चरणमा बागमती नदीको पश्चिम किनारबाट द्रुतमार्ग निर्माण गरिँदा

कृषिजन्य भूमिमा असर नपर्ने भएकोले सो विकल्पबाट महत्वपूर्ण फाइदा हुने परामर्शदाताहरुले टिप्पणी गरेका छन् ।[1]

३. नेपाल सरकारवाट काठमाडौं तराई (मधेस) द्रुतमार्ग परियोजनाबाहेक ललितपुर जिल्ला हाल कार्यविनायक नगरपालिकास्थित खोकना क्षेत्रमा पर्ने गरी सञ्चालनको लागि तयार गरिएका थप ३ परियोजनाहरु निम्नानुसार छन् । द्रुतमार्ग परियोजनाजस्तै ती परियोजनाहरुको लागि पनि प्रभावितसँग परामर्श र सहमति गरिएको छैन ।

क) काठमाण्डौ उपत्यकाको बाहिरी चक्रपथ
ख) हाईटेन्सन विधुत प्रसारण लाइन
ग) बागमती कोरिडोर

४. ललितपुर जिल्लाको ऐतिहासिक धार्मिक सांस्कृतिक सम्पदा समेतमा असर पर्ने गरी काठमाडौं तराई (मधेस) द्रुतमार्ग आयोजनाको तय गरिएको छ । सो आयोजनाले गुठी जग्गा समेत अधिग्रहण हुनेछ । आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने क्षेत्रमा ९८ प्रतिशत नेवार आदिवासी ज्यापू समूदायको बसोवास रहेको छ र तिनीहरुमध्ये अधिकांश कृषक भएको हुनाले तिनको भूमिसँग आर्थिक तथा आध्यात्मिक सम्बन्ध रहेको छ । त्यस क्षेत्रका ख्वखना, च्वख्वना, कुदेश, क्वार, क्वयना, ईटा, खौपाःकँवाः, जलपालगायतका ऐतिहासिक, प्राचिन, धार्मिक, स्मारक, सम्पदा रहेको सिखालि क्षेत्रको संरक्षण सम्बर्द्धन गर्नुको सट्टा उल्लेखित सम्पुर्ण क्षेत्र तथा सो सँस्कृतिलाई जीवित राख्ने नेवार समुदायलाई प्रत्यक्ष प्रभाव पर्ने गरी नेपाल सरकारबाट विभिन्न समयमा विभिन्न उद्देश्यको लागि यस अघि पनिस्थानीयसँग परामर्श सहमति बिना जग्गा अधिग्रहण गरिएको छ । नेपाली सेनाको पाराग्लाइडिङ्ग (paragliding) को लागि भनी करिब ४०० रोपनी जग्गा, चन्द्रज्योति पावर हाउसबाट सिंहदरवार लगिएको हाईटेन्सन लाईन, खोकना कुष्ठरोगी खानाको व्यवसायिक तालिम केन्द्र, सैबु भैसिपाटीको रेडियो स्टेशन, खानेपानी पाईपलाइन तथा रिजर्भ ट्यांकी लगायतको नाममा पटकपटक जग्गा अधिग्ररणबाट प्रभावित भएका स्थानीय नेवार आदिवासीहरुलाई काठमाडौं तराई (मधेस) द्रुतमार्ग लगायतका आयोजनाले **सामुहिकरुपमै विस्थापित गर्ने** भएको छ ।

५. यसरी बिभिन्न आयोजनाको नाममा विकास र सार्वजनिक हितको नाममा सम्बन्धित खोकनाबासीका **सम्पत्तिको हक** उल्लंघन भएको मात्र नभई ती परियोजनाले सम्बन्धित जग्गाधनीलाई मात्र नभई खोकनाको पूरै समुदायलाई पनि असर पारेको हुनाले खोकनाका **आदिवासी नेवारहरुको भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार** हनन भएको छ । साथै ती परियोजनाले खोकनाका नेवारहरुको परम्परागत कृषि पेशा र सम्बन्धित तेललगायतका व्यवसाय तथा तिनको संस्कृति र भाषा संस्कारमा समेत प्रभाव पारेको र द्रुतमार्ग लगायतका थप परियोजनाले अझ प्रभाव पार्ने हुँदा तिनको

[1] See Main report (Final, March 2015) http://www.mopit.gov.np/files/download/Printed%20EIA%20report%20of%20Fast%20Track%20Jestha%2072.pdf; Appendix 1 http://www.mopit.gov.np/files/download/Appendices%20Of%20EIA%20report%20Fast%20Track-%20part%201.pdf; Appendix 2 http://www.mopit.gov.np/files/download/Appendices%20Of%20EIA%20report%20Fast%20Track-%20part%202.pdf

**आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार** उल्लंघन भएको र भावी दिनमा अझ व्यापक उल्लंघन हुने र खोकनाका नेवार आदिवासीको पहिचान समेतको विलयन हुन सक्ने अवस्था रहेको छ ।

**सम्बन्धित कानुनी व्यवस्था**

६. नेपालको संविधानले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा **सम्पत्तिको हक** (धारा २५) ग्यारेण्टी गरेको र यससँग सम्बन्धित **जग्गा प्राप्ति ऐन २०३४** बमोजिममात्र नेपाल सरकारले सार्वजनिक कामको लागि जग्गा अधिग्रहण गर्न सक्ने व्यवस्था विपरित उक्त ऐनका विभिन्न दफाविपरित हुने गरी द्रुतमार्ग परियोजनाको लागि जग्गा अधिग्रहण सूचना प्रकाशित गरिएको हुँदा सम्बन्धित खोकनावासीको सम्पत्तिको हक उल्लंघन भएको छ । यस उजुरीसँगै संलग्न गरिएको खोकनाका बासिन्दाहरुले मिति २०७२।१२।१७ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरमार्फत गृह मन्त्रालयमा बुझाएको उजुरी पत्रमा उक्त ऐनको दफावार विश्लेषण गरिएको छ । त्यति मात्र नभई माथि प्रस्तुत मानव अधिकार उल्लंघनको विषयबमोजिम द्रुतमार्ग लगायतका परियोजनाले खोकनावासीका नेपालको संविधानमा व्यवस्था गरिएको **सूचनाको हक** (धारा २७, वातावरणीय सामाजिक प्रभाव मूल्यांकन प्रतिवेदनको जानकारी नगरिएको हुँदा), **संस्कृतिको हक** (धारा ३२, समुदायको संस्कृति सम्बर्द्धन र संरक्षण गर्ने हक), **आवासको हक** (धारा ३७, विभिन्न परियोजनाले खोकनाका थुप्रै परिवारको उठीवास भएको र थप पार्ने हुँदा) लगायतका मौलिक हक उल्लंघन भएको छ ।

७. उपर्युक्त राष्ट्रिय कानुनी व्यवस्थाका साथै नेपालको संविधान र नेपाल सन्धि ऐन २०४७ बमोजिम प्रस्तुत विषयमा नेपाललाई लागू हुने आदिवासी जनजातिसम्बन्धी **अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासीको अधिकार सम्बन्धी संयुक्तराष्ट्र संघीय घोषणापत्र (UNDRIP)**मा व्यवस्था गरिएका आदिवासीका अधिकार पनि उल्लंघन भएका छन् । द्रुतमार्ग लगायतका विकास परियोजनाले सीमित जग्गाधनी मात्र नभई खोकनाका सम्पूर्ण आदिवासी नेवार समुदायको अधिकारलाई प्रत्यक्ष असर पार्ने हुनाले महासन्धि नं. १६९ र घोषणापत्र बमोजिम त्यस्ता प्रशासनिक कार्यको लागि नेवार समुदायको प्रतिनिधिमूलक संस्था र उपयुक्त विधिमार्फत् समुदाय नै निर्णय प्रक्रियामा सहभागी हुने अधिकार तथा नेपाल राज्यले त्यस्तो विधिमार्फत् समुदायसँग परामर्श गर्ने र **पूर्व सुचित स्वतन्त्र सहमति (Free, Prior and Informed Consent - FPIC)** गर्नुपर्ने कर्तव्यको उल्लंघन भएको छ । महासन्धिका धारा ६ र ७ तथा घोषणापत्रको धारा १८, १९ र ३२ मा यस्तो अधिकारको प्रष्ट उल्लेख भएको छ । ती कानूनहरुले आदिवासी जनजातिलाई आफ्नो विकास तथा वा तिनको भूमि तथा अन्य स्रोतको प्रयोगको लागि प्राथमिकता निर्धारण गर्ने तथा नीतिकार्यक्रम निर्माण, कार्यान्वयन र मूल्यांकन गर्ने समेत अधिकार दिएको छ ।

८. आदिवासी समुदायको परम्परागत भूमि तथा स्रोतहरुमाथिको अधिकार अन्तर्गत पनि समुदायलाई बाध्यपूर्वक विस्थापित गर्न नपाइने र अन्य विकल्प नै नभएको अवस्थामा **पूर्व सुचित स्वतन्त्र सहमति (FPIC)** र न्यायोचित क्षतिपूर्तिसम्बन्धी सहमतिपछि मात्र विस्थापन गरिनुपर्ने व्यवस्था महासन्धिको धारा १६ र घोषणापत्रको धारा १० मा गरिएको छ । आदिवासीको भूमि तथा प्राकृतिक स्रोतहरुमाथिको अधिकारलाई राज्यले बिषेशरुपले संरक्षित गर्नुपर्ने तथा आदिवासीहरुको स्वामित्वमा रहेको भूमिको विकासलाई प्रबर्द्धन गर्न आवश्यक स्रोतहरुको व्यवस्था र त्यस्ता स्रोतहरुको प्रयोग,

व्यवस्थापन तथा संरक्षणमा आदिवासीहरुको सहभागी हुन पाउने अधिकार महासन्धि १६९ को धारा १४ र १५ मा प्रष्ट छ । आदिवासी समूदायको जमिन, भुभाग वा संसाधनहरुमाथि आदिवासीहरुको स्वामित्वहरण गर्ने उद्देश्य भएको वा त्यस्तो परिणाम ल्याउने कुनै पनि कार्य रोक्नुपर्ने तथा बलपुर्वक विलयन गर्न नहुने तथा आदिवासीको परम्परादेखि आफ्नो स्वामित्वमा रहेको, बसोवास गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएका जमिन, भूभाग तथा संसाधनहरुमाथिको अधिकार धोषणा पत्रको धारा ८, २६ ३२ लगायतमा व्यवस्था रहेको छ । खोकनाको विषयमा द्रुतमार्ग लगायतका परियोजनाले ती अधिकारहरुको पनि उल्लंघन गरेको देखिन्छ ।

## आरोपित पीडकको विवरण

९. द्रुतमार्ग लगायतका परियोजनामा नेपाल सरकार अन्तर्गतका प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र लगानी बोर्डको कार्यालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र त्यसअन्तर्गतको सडक विभाग, सहरी विकास मन्त्रालय त्यसअन्तर्गतको काठमाडौं उपत्यका विकास प्राधिकरण, उर्जा मन्त्रालय र त्यसअन्तर्गतको नेपाल विधुत् प्राधिकरणलगायतका सरकारी निकायहरु संलग्न रहेका छन् । अतः ती निकायका पदाधिकारीहरुले खोकनामा भइरहेका मानव अधिकार उल्लंघनका जिम्मेवार हुन् ।

## माग गरिएको उपचार

१०. उपरोक्त सन्दर्भमा द्रुतमार्गलगायतका परियोजनाबाट प्रभावित खोकनावासी र त्यस क्षेत्रको सम्पूर्ण आदिवासी नेवार समुदायको मानव अधिकार संरक्षण, सम्बर्द्धन एवं परिपालना गर्ने गराउने कार्यमा आयोगबाट पहल गरी गराई उक्त क्षेत्रमा आवश्यक अनुसन्धान तथा अनुगमन गरी खोकनाका प्रभावित समुदायका निम्नानुसार मागहरुको सम्बोधन गर्न गराउन माथि उल्लेखित लगायतका सम्बन्धित सरकारी निकायहरुलाई आदिवासी जनजातिको पूर्व सुचित स्वतन्त्र सहमतिको प्रक्रिया अवलम्बन गरी आयोगबाट सिफारिस गर्न माग आयोगसमक्ष अनुरोध गर्दछौं ।

क) द्रुतमार्ग परियोजनाको EIA प्रतिवेदनमा उल्लेख भएअनुसार द्रुतमार्ग बागमती नदीको पश्चिम किनारबाट निर्माण गरिनुपर्ने र खोकना क्षेत्रमा प्रभाव पार्ने बाँकि तीनवटा परियोजनाहरु समन्वय गरी एकिकृत परियोजना तयार गरी खोकनाका नेवार समुदायसँग पूर्व सुचित स्वतन्त्र सहमतिपछि सकेसम्म न्यूनतम जग्गा अधिकरण हुने तथा मानवबसोवास एवं ऐतिहासिक सांस्कृतिक सम्पदा समेतको संरक्षण गरी वैकल्पिक मध्यम मार्ग अपनाई खोकनाको आदिवासी समुदाय विस्थापित नहुने गरी ती परियोजना संचालन गरिनुपर्ने ।
ख) ती परियोजनावाट प्रभावित जग्गाधनीहरुको लागि नेपाल सरकारवाट अति नै न्यून मुआब्जा निर्धारण गरेकोले त्यसलाई न्यायोचित, सम्मानजनक, मुआब्जा दिलाई स्थानिय समुदायको सहभागिता र सहमतिमा निर्धारण गरिनुपर्ने ।
ग) ती परियोजना निर्माण तथा संचालनवाट पर्न सक्ने सम्भावित वातावरणीय सामाजिक प्रभावका विषयमा स्थानीय समुदायको सहभागितामा मुल्यांकन गरी त्यस क्षेत्रका पिडित समुदायहरुसँग त्यस्ता प्रभावमाथि परामर्श र सहमति पछि तिनको जिवनस्तर सुदृढ गर्नको लागि विशेष खालका रोजगारीलगायत सामाजिक विकास कार्यक्रम ल्याउनु पर्ने ।

घ) ऐतिहासिक महत्व बोकेको खोकना बुंगमती क्षेत्र आदिवासी नेवार वस्ती भएको हुनाले त्यस क्षेत्रमा रहेका ऐतिहासिक, सांस्कृतिक सम्पदा, पुरातात्विक स्थल, गुठी, भाषा संरक्षण तथा प्रबर्द्धनका निम्ति एकिकृत कार्ययोजनाको ग्यारेन्टी हुनु पर्ने ।
ङ) नेपाल सरकारले अनुमोदन गरेका अन्तराष्ट्रिय श्रम संगठनको महासन्धि १६९, आदिवासीको अधिकार सम्बन्धी संयुक्तराष्ट्र संघीय घोषणापत्रलगायतका सम्बन्धित मानव अधिकारको दस्तावेजको परिपालन गर्नु पर्ने ।

## उजुरीसँग सम्बन्धित प्रमाण वा जानकारी

११. उजुरीसँगै राखिएका प्रमाण वा जानकारी निम्नानुसार छन्:

क) मिति २०७२।१२।०४ गतेको अन्नपुर्ण दैनिक पत्रिकाको सुचना
ख) मिति २०७२।१२।१७ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरमार्फत गृह मन्त्रालयमा बुझाईएको उजुरी पत्र
ग) मिति २०७३।५।१९ गते अनौपचारिक माध्यमबाट प्राप्त द्रुतमार्ग परियोजनाको EIA प्रतिवेदन http://www.mopit.gov.np/files/download/Printed%20EIA%20report%20of%20Fast%20Track%20Jestha%2072.pdf मा उपलब्ध

१२. मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।

## उजुरीकर्ता

क) नाम/संगठन :
ख) पूरा ठेगाना :
ग) फोन/मोबाइल : ............................................. ई-मेल : ................................
(घ) पीडितसँगको नाता/सम्बन्ध : ............................ बोलीचालीको भाषा : ................

मिति २०७३